## कामाक्षादेवी

# राष्ट्रवादी अडान



जन्म : वि. सं. १९८० माघ २४

मृत्यु : वि. सं. २०४४ जेठ ३१

२००७ सालको आन्दोलनले नेपाली जनतालाई राणाशासनको अन्धकारबाट मुक्ति दिलाएकोमा दुईमत छैन। तर, यसलाई जनताको पक्षमा अझै कति पार्न सकिन्थ्यो भन्नेबारे भने प्रशस्त मतमतान्तर रहेका छन्। ००७ सालको दिल्ली सम्झौतालाई कसैले इतिहासकै महान् उपलब्धिका रूपमा प्रचार गरे भने कसैले आलोचनात्मक दृष्टिले हेर्दै त्यसको विरोध गरे। तिनै विरोध गर्नेमध्ये एक हुनुहुन्थ्यो- तत्कालीन नेपाल महिला सङ्घकी नेतृ कामाक्षादेवी श्रेष्ठ (बस्नेत)। राजा-राणा-काङ्ग्रेसबीचको त्रिपक्षीय दिल्ली सम्झौताले नेपाली जनतालाई नजरअन्दाज गरेको कामाक्षादेवीहरूको मान्यता थियो। त्यही भएर उहाँहरूले दिल्ली सम्झौतालाई धोकाको संज्ञा दिनुभएको थियो। नेपाली राजनीतिमा विदेशी भूमिकाको विस्तार गर्नमा त्यही दिल्ली सम्झौताको मुख्य हात रहेको त्यसपछिका कैयौँ घटनाक्रमहरूले प्रमाणित गरिसकेका छन्।

००४ सालमा स्थापित नेपाल महिला सङ्घभित्र कामाक्षादेवी प्रगतिशील र राष्ट्रवादी खेमामा उभिनुभएको थियो। ००७ सालको परिवर्तनपछि सत्ताको उपभोग गर्न पाउनेहरूले दिल्ली सम्झौतालाई 'ऐतिहासिक' र 'महान्' भनेकामा कामाक्षादेवीहरूलाई पटक्कै चित्त बुझेको थिएन। महिला सङ्घभित्र त्यस सम्झौतालाई हेर्ने सवालमा मतान्तर उत्पन्न भयो। अध्यक्ष मङ्गलादेवी सिंह पक्षले दिल्ली सम्झौतालाई सकारात्मक रूपमा लिएर त्यसको स्वागत गऱ्यो भने कामाक्षादेवी पक्षले त्यसलाई धोका भनेर विरोध गऱ्यो। आखिर सङ्घभित्र कामाक्षादेवीहरू बहुमतमा पुग्नुभयो। तर, मूल नेतृत्व सम्हाल्नुभएकी मङ्गलादेवी सिंहका कारण उहाँहरू ओझेलमा पर्नुभयो।

नेपालमा राणा शासनको अन्त्य भएपछि राजनीतिक वातावरण खुकुलो भयो। त्यसका साथै नेपालमा क्रमशः भारतीय चासो, सरोकार र भूमिका बढ्न थाल्यो। यसक्रममा ००८ असार २ गते तत्कालीन भारतीय प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरू नेपाल आए। नेपाली जनतामा रहेको विरोध, असन्तुष्टि र आलोचनालाई कालो झन्डा देखाई प्रकट गर्ने

निर्णयमा नेपाल महिला सङ्घ पुग्यो । तर, अध्यक्ष मङ्गलादेवी सिंह भने त्यसका विरुद्ध उभिनुभयो । मङ्गलादेवी सिंह सङ्घको निर्णयको अवज्ञा गर्दै 'सञ्चो नभएका कारण' विरोधमा सहभागी हुनुभएन । त्यसपछि सङ्घमा सैद्धान्तिक-वैचारिक ध्रुवीकरण बढ्यो र अन्तत: एकीकृत नेपाल महिला सङ्घ विभाजित भयो । ००८ सालको अन्तर्राष्ट्रिय नारी दिवस पारेर राष्ट्रवादी र प्रगतिवादी अडान लिएको नेपाल महिला सङ्गठनको स्थापना भयो र त्यसको नेतृत्व कामाक्षादेवीले गर्नुभयो ।

कामाक्षादेवीको विचारमा ००७ सालको आन्दोलन अधुरो र अपूरो थियो । जनतालाई साँचो अर्थमा सार्वभौमसत्तासम्पन्न बनाउन त्यो आन्दोलनले सकेन । किनभने, भारतको दबाबमा राजा-काङ्ग्रेस-राणाबीच सम्झौता भएको थियो । त्यही कारण आन्दोलनपछि पनि मोहनशमशेरकै नेतृत्वमा सरकार बन्यो । यसबाट नेपाली कम्युनिस्टहरू असन्तुष्ट थिए । राणाबाट सत्ता खोसेर शाहहरूको हातमा पुऱ्याइदिएको र जनतालाई अधिकारसम्पन्न नबनाइएको अडान उहाँहरूको थियो । उहाँको जस्तो विचार राख्ने समूह ठूलै थियो । त्यही आधारमा कामाक्षादेवीले नेपाल महिला सङ्गठन स्थापना गरेर आन्दोलनलाई सङ्गठित, एकीकृत र संस्थागत बनाउनुभयो । उहाँहरूको त्यही प्रयत्नका कारण नेपाल महिला सङ्गठन हुँदै अखिल नेपाल महिला सङ्घ आजको अवस्थामा आइपुगेको छ ।

कामाक्षादेवी सुशिक्षित महिला हुनुहुन्थ्यो । त्यही भएर उहाँको मनमा राणा शासनका विरुद्ध आक्रोश र विद्रोहको लहर उत्पन्न भएको थियो । सम्वत् १९९७ मा गङ्गालाल, दशरथ चन्द, शुक्रराज र धर्मभक्तलाई मृत्युदण्ड दिँदा राणाहरूले सोचेका थिए- यो घटनाबाट नेपाली जनता त्रसित, आतङ्कित र भयभीत हुनेछन् अनि आफ्नो जहानियाँ शासनका विरुद्ध आवाज उठाउने छैनन् । तर, राणाहरूले मूढो ताक्दा जनताले राणाहरूको घुँडो ताके । कामाक्षादेवीको मनमा पनि चार युवाको हत्याले नयाँ किसिमको भावना पैदा गऱ्यो । अत्याचारी राणाशासनको अन्त्य नगरी नेपाली जनताको मुक्ति सम्भव छैन भन्ने

निष्कर्षमा त्यसपछि उहाँ झन् दृढताका साथ उभिनुभयो। फासी दिनुभन्दा एक दिनअघि कामाक्षादेवीले गङ्गालाललाई जेलमा भेट्ने अवसर पाउनुभएको थियो। दयावीरसिंह कंसाकारको घरमा खोलिएको महावीर स्कुलको शाखामा पढ्दा उहाँको गङ्गालाल र पुष्पलालसँग भेटघाट र परिचय भएको थियो। त्यही चिनजानका आधारमा गङ्गालालप्रति उहाँको मनमा असीम सम्मान र माया प्रकट भएको थियो। त्यही अभिव्यक्त गर्न उहाँ जेल पुग्नुभएको थियो।

गङ्गालालसँग जीवनको अन्तिम अवस्थामा भएको भेटघाटलाई कामाक्षादेवीले अन्तिम अवस्थासम्म पनि गौरवका साथ सम्झिने गर्नुभएको थियो। पानका सोखीन गङ्गालालले पान खान दिँदा आफूले नखाएको स्मरण सुनाउँदै आफूले यस्तो जवाफ दिएको उहाँ बताउनुहुन्थ्यो- "दाइ, तपाईंहरूले देश र जनताका लागि सुरु गर्नुभएको काम पूरा नहुन्जेल म पान खान्नँ।" त्यतिबेला यस्ता कुराले पनि ती महान् सपुतहरूलाई निकै उत्साहित पार्थ्यो।

प्रजातन्त्रको स्थापनापछि कवि सिद्धिचरण श्रेष्ठले एक दिन कामाक्षादेवीलाई भनेछन्- "अब त पान खाने बेला आयो।"

दिल्ली सम्झौताप्रति असन्तुष्ट कामाक्षादेवीले जवाफ दिनुभयो- "अझै आएको छैन। किनभने, जनताको क्रान्ति अझै अधुरो छ।"

राणाशासनकै बीचमा राजनीतिक रूपमा सचेत भइसक्नुभएकी कामाक्षादेवी नेपाली सङ्गठित महिला आन्दोलनमा एउटा आधारस्तम्भ हुनुहुन्छ। सङ्गठित महिला आन्दोलनलाई अघि बढाउने क्रममा उहाँले बनेपामा विद्यालय स्थापना गरेर महिला अधिकारको पक्षमा जनचेतना जगाउनुका साथै बहुविवाह, बालविवाहजस्ता पछौटे प्रचलनहरूका विरुद्ध महिलालाई सचेत पार्नुभएको थियो। सामाजिक कार्यक्रममा क्रियाशील रहेकै अवस्थामा पक्षघातले गाँजेका कारण चाहेर पनि कामाक्षादेवी त्यति सक्रिय हुन सक्नुभएन। सम्वत् ०११ मा दिल्लीमा सम्पन्न कर्मशील महिलाहरूको सम्मेलनमा भाग लिएर उहाँले नेपालको महिला

आन्दोलनलाई अन्तर्राष्ट्रिय मञ्चमा पहिचान दिलाउनुभएको थियो ।

कामाक्षादेवीको जन्म सम्वत् १९८० माघ २४ गते काठमाडौंको थापाथलीमा सामान्य नेवार परिवारमा भएको थियो । उहाँले सानै उमेरमा नर्सिङ तालिम लिने अवसर पाउनुभएको थियो । त्यही कारण कतिपय रुढी मान्यता र संस्कारका विरुद्ध कामाक्षादेवीको मनमा विद्रोही भावना उत्पन्न भएको थियो । ००५ सालमा नरेन्द्रमानसिह बस्नेतसँग वैवाहिक सूत्रमा बाँधिनुभएकी कामाक्षादेवी सङ्गठित महिला आन्दोलनको क्षेत्रमा बिर्सनै नसकिने व्यक्तित्व हुनुहुन्छ। सामाजिक सेवामा क्रियाशील रहँदारहँदै उहाँको सम्वत् ०४४ जेठ ३१ गते निधन भयो । तत्कालीन नेपाली समाजमा चेतनाको बीउ छर्न सक्रिय योगदान गर्ने कामाक्षादेवीले नेपाली महिला आन्दोलनमा स्पष्ट अडान, दृष्टिकोण र चेतनायुक्त व्यक्तित्वका रूपमा आफ्नो छवि बनाउनुभएको छ ।

◆